
# जापानीज इन्सेफ्लाइटिस रोगको अध्यावधिक स्थिति (१९ अगष्ट  २०२६)
## स्वास्थ्य निर्देशनालय, हेटौडा, बागमती प्रदेश, हेटौडा नेपाल

- जापानीज इन्सेफ्लाइटिस क्युलेक्स जातको *Culex tritaeniorhynchus* पोथी लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको भाइरसले हुने सरुवा रोग हो ।
- यो भाइरस Flavivirus समुहमा पर्दछ ।
- यी लामखुट्टेले संक्रमित घोडा, सुँगुर, बंगुर, हाँस जस्ता पशुपंक्षीलाई टोकेपछि तिनै लामखुट्टेले मानिसलाई टोकेमा जापानीज इन्सेफ्लाइटिस रोग सर्दछ ।
- खास गरी तराई तथा ग्रामीण भेग जहाँ कृषि ब्यबसाय जस्तै धान खेत र सुँगुर र बंगुर पालन सम्बन्धि काम बढी हुन्छ त्यस ठाँउमा Japanese Encephalitis (JE) को प्रकोप बढी हुने गर्दछ ।
- यस भाइरसको वासस्थान जनावर हुने भएकोले र जनावरबाट मानिसमा लामखुट्टेको कारणले सर्ने भएकोले यसलाई लामखुट्टेबाट सर्ने पशुजन्य रोग पनि भनिन्छ |




- नेपालमा सन् १९७८ मा पहिलो पटक जापानीज इन्सेफ्लाइटिस आयातित बिरामीको रुपमा फेला परेको थियो  त्यस पछिका वर्षहरुमा यस रोगको प्रभाव क्षेत्र बढदै गयो ।
- पूर्वमा मोरंङबाट यो रोगका बिरामीहरु देखा परेका थिए ।
- यो क्रम विस्तारै पश्चिमतिरका जिल्लाहरुमा सदै गएको देखिन्छ ।
- पश्चिममा यस रोगबाट बढी प्रभावित जिल्लाहरुमा **दाँङ, बाँके, वर्दिया, कैलाली तथा कञ्चनपुर हुन् ।**
- यो रोगको लागि नेपालका २४ जिल्लालाई Endemic Districts को रुपमा पहिचान गरिए पनि फाटफुट रुपमा देशका ४० जिल्लाहरुबाट यो रोग रिपोर्ट भएको छ । यो बर्ष अगष्ट १८ गते सम्ममा नेपालका २३ जिल्लाबाट रिपोर्ट भैसकेको छ भने बागमती प्रदेशका ५ जिल्लाबाट रिपोर्ट भई सकेको छ |
- हालका वर्षहरुमा यो रोगका कारण हाम्रो देशमा विरामीको **मृत्युदर  बढ्दो क्रममा रहेको छ ।**
- **नेपालमा B2524, B 9548 तथा Nep 1/90 भाइरसको जातहरु पाईएका छन ।**


**Suspected AES Cases and Confirmed JE Cases for the year 2026 (as of August), Bagamati Province**



# बागमति प्रदेशको जे.ई.रोगको अवस्था

| जे.ई.रोगको अवस्था | | | | |
|---|---|---|---|---|
| जिल्ला | १ जनवरी, २०२६ देखि १९ अगष्ट, २०२६ | | | |
| | सम्भावित जे.इ | प्रमाणित जे.ई | मृत्यु | स्थानीय तह (Affected) |
| दोलखा | २ | | | |
| सिन्धुपल्चोक | ६ | | | |
| रसुवा | १ | | | |
| धादिंग | ३ | | | |
| नुवाकोट | ५ | | | |
| काठमाडौं | ३७ | १ | | १ |
| भक्तपुर | २ | | | |
| ललितपुर | १२ | | | |
| काभ्रेपलान्चोक | ३४ | १ | १ | १ |
| रामेछाप | ६ | | | |
| सिन्धुली | १० | १ | | १ |
| मकवानपुर | १६ | २ | | २ |
| चितवन | ३३ | ५ | | २ |
| **जम्मा** | **१६७** | **१०** | **१** | **७** |




## रोग नियन्त्रणमा विभिन्न निकायहरुको भूमिका

**क.मानव स्वास्थ्य क्षेत्र (Human Health Sector)**

-रोगीको उपचार, व्यवस्थापन, अनुगमन, रेकर्डिंग तथा रिपोर्टिङ ।

-यो रोग सार्ने लामखुट्टेको आनीवानीको नियमित रुपमा अध्ययन ।

-रोगको प्रर्याप्त मात्रामा सूचना तथा जानकारीहरु विभिन्न माध्यमबाट जन मानसमा पुर्याउने । रोग नियन्त्रणको लागि विभिन्न संघसंस्थाहरुसँग समन्वय, सहकार्य अभिमुखिकरण, अन्तरक्रिया तथा द्रुत प्रतिकार्य टोलि परिचालन ।

**ख. पशु स्वास्थ्य क्षेत्र (Veterinary Health)**

- उपलब्ध भए सम्म संुगुर वंगुरहरुलाई तालिका अनुसार खोप व्यवस्थापन ।

-संुगुर वंगुरहरुको खोरलाई लामखुट्टे छिर्न नसक्ने गरी वनाउन लगाउनु ।

-किसानहरुको समूहमा यस रोग विरुद्व जानकारी पशु स्वास्थ्य कार्यकर्ता मार्फत प्रदान गर्ने ।

**ग.सिचाई क्षेत्र (Irrigation Sector)**

-सिचाई क्षेत्रबाट किसानहरुको खेतमा पानी उपलब्ध गराउँदा हरेक हप्तामा एक दिन पानी सुकाएमा लामखुटटे उत्पादनमा कमी ल्याई रोग नियन्त्रणमा सहयोग

**घ. जनसमुदाय (Community Sector)**

-लामखुट्टे उत्पादन हुने ठाँउहरु विनाश गरी रोग नियन्त्रण कार्यमा सहयोग पुर्याउने ।

-हप्तामा एक दिन खेतमा पानी सुकाएर लामखुट्टेको फुल, लार्भा, प्युपा नाश गरी लामखुट्टे उत्पादनमा कमी ल्याई रोग नियन्त्रणमा सहयोग पुर्याउने ।

-रोग प्रसारण हुने प्रमुख समयमा गाँउ टोलमा जनचेतना फैलाउनमा सहयोग पुर्याउने ।

### निर्देशनालयबाट भए गरेका क्रियाकलापहरु

- जिल्लाको द्रूत प्रतिकार्य टोलि (Rapid Response Team) लाई तयारी अवस्थामा रहन परिपत्र भएको र अस्पतालहरुमा रोगको उपचार व्यवस्थापनको लागि तयारी अवस्थामा रहन जानकारी गराई सकिएको।
- पशु स्वास्थ्य क्षेत्र, सिंचाई कार्यालयसँग समन्वय गर्नका लागि जनस्वास्थ्य कार्यालयहरुलाई जानकारी गराई सकिएको ।
- जनस्वास्थ्य कार्यालयहरुलाई सरकारी तथा गैर सरकारी संघसंस्थाहरुसँग समन्वय गरी यस रोगको विरुद् व्यापक जनचेतना जगाउने कार्यक्रम संचालन गर्न परिपत्र गरि सकिएको ।
- रोग देखिएका जिल्लाका जनस्वास्थ्य कार्यालयहरुले जे.ई. रोगको नियन्त्रण, रोकथाम र व्यबस्थापन सम्बन्धि स्थानीयतहहरुलाई परिपत्र गरिसकेको
- बिश्व स्वास्थ्य संगठन - IPD मार्फत जिल्ला तथा स्थानीय तहहरुमा समन्वय गरि नियमित सर्भिलेन्स, नमुना संकलन तथा सहयोग भैरेहेको |
- स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका, सरोकारवालाहरुलाई रोगगको बारेमा स्वास्थ्य शिक्षा तथा अभिमुखीकरण कार्यक्रम संचालन भईरहेको |